# प्रेस विज्ञप्ति- ३६७

# Press Release- 367

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौं
मिति: २०८२।०२।२७ गते।

काठमाण्डौ उपत्यकामा लामो समयदेखि लागु औषध खैरो हेरोईनको खरिद बिक्री तथा ओसारपसारको कारोवार गर्ने गरेका भन्ने सुचनाको आधारमा भारतिय नागरिक सुमित कुमार, चन्दन कुमार जैसवाल, साशिक आलम र मोहमद मन्जुर आलमलाई लागु औषध नियन्त्रण व्युरो कोटेश्वरको प्रहरी टोलीले खोजतलास गरीरहेकोमा आज मिति २०८२।०२।२७ गते अं. १४.०० बजेको समयमा जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका वडा नं. ११ सुन्धारा स्थित सडकमा २ जना मानिसलाई नियन्त्रणमा लिई मौखिक सोधपुछ गर्दा बिक्री गर्न लागेको लागु औषध खैरो हेरोईन टोखा स्थित ग्राण्डी अस्पताल पछाडि अन्य २ जनाले कारोवार गर्नको लागि साथमा राखेका छन् भनी बताएको हुँदा निजहरु समेतको खोजतलास गर्दै जाँदा ऐ. अं.१५.१५ बजेको समयमा जिल्ला काठमाण्डौं टोखा न.पा. वडा नं. ०३ स्थित ग्राण्डी अस्पतालको पछाडि निजहरुले स्पिकर भित्र लुकाई छिपाई राखेको अबस्थामा लागु औषध खैरो हेरोईन अं. २०० ग्राम बरामद गर्न तथा निजहरुलाई नियन्त्रणमा लिने क्रममा निजहरुले प्रहरी टोलीलाई फलामको रडले आक्रमण गर्दा २ जना प्रहरी कर्मचारी (प्र.ब.ह.नबराज घिसिङको बायाँ घुँडामा चोट र प्र.स.ह.रबिन्द्र के.सी.को दाहिने हातको पाखुरामा चोट) घाईते भएकोले प्रहरीले ४ राउण्ड गोली हवाई फायर गरी नियन्त्रणमा लिन खोज्दा निजहरु थप उत्तेजित भई आक्रमण गरेकोले आत्मरक्षाको लागि थप ३ राउण्ड गोली फायर गरी निम्न उल्लेखित घाईतेहरुलाई उपचारको लागि नेपाल प्रहरी अस्पताल पठाईएकोमा उक्त अस्पतालबाट थप उपचारको लागि राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौंमा रिफर भएको तथा बाँकी २ जनालाई थप अनुसन्धानको लागि यस कार्यालयले नियन्त्रणमा लिएको व्यहोरा जानकारी गराईन्छ।

**निम्न:-**

१. भारत पठाना दानापुर ठेगाना हुने बर्ष २० को सुमित कुमार।
२. ऐ. ऐ. ठेगाना हुने बर्ष २५ को चन्दन कुमार जैसवाल।
३. भारत वेस्ट बंगाल ईस्लामपुर ११ठेगाना हुने बर्ष ४० को साशिक आलम (बायाँ खुट्टामा १ राउण्ड गोली लागेको चोट)।
४. गुन्जरिया बिहार भारत ठेगाना हुने बर्ष २२ को मोहमद मन्जुर आलम (बायाँ खुट्टामा २ राउण्ड गोली लागेको चोट)।

प्रबक्ता/सुचना अधिकारी
(जनक बहादुर शाही)
प्रहरी उपरीक्षक
९८५११३२७४३

•••

Contact no.:014611048, email: ncb@nepalpolice.gov.np, www.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal